कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी

गण्डकी प्रदेश, नेपाल

स्थापनाः-२०७३

प.स. ०७७/०७८

च.न. ३४१

मिति २०७७०६।०१

श्री कावासोती नगरपालिका अन्तर्गतका
सबै विद्यालयहरु ।

**विषय : निर्देशन सम्बन्धमा ।**

कोभिड-१९ सङ्क्रामक रोगको कारण प्रभावित रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न शैक्षिक सत्रको अवधिलाई हृदयङ्गम गरी राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरु हासिल गर्न र विद्यालय उमेरका वाललालिकालाई आफ्नो परिवेश अनुकुल सिक्ने वातावरण सृजना गरी सिकाइमा सहजीकरण गर्न दुर तथा खुला शिक्षा लगायतका वैकल्पिक प्रणालीलाई तत्कालका लागि सिकाई सहजीकरणको प्रणालीका रुपमा उपयोग गरी शिक्षण सिकाइ कार्यलाई निरन्तर, प्रभावकारी र व्यवस्थित गर्न यस नगरपालिकाको मिति २०७७०६।०१ को निर्णयानुसार देहायका कार्य गर्न गराउन अनुरोध छ :

१. आफ्नो सेवा क्षेत्र भित्रको विद्यार्थीहरुको पहिचान, भर्ना तथा अभिलेखिकरण, विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७ को बुँदा नं ३ अनुसार विद्यार्थीको स्रोत-साधनमा पहुँचका आधारमा वर्गिकरण एवम् IEMIS अद्यावधिक गर्ने कार्य असोज महिना भित्र सम्पन्न गर्नुहुन । विद्यार्थीको स्रोत-साधनमा पहुँचका आधारमा वर्गिकरण गरिएको विवरण असोज १० गते भित्र नगरपालिकाको शिक्षा शाखामा बुझउनुहुन,

२. स्रोत-साधनमा पहुँचका आधारमा वर्गिकृत विद्यार्थी विवरणलाई ख्याल गरी शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिसंग छलफल गरी निर्णय गराई सिकाइ सहजिकरणको उपयुक्त ढाँचा तथा तरीका कार्यान्वयन गर्नुहुन,

३. प्रत्येक शिक्षकले साप्ताहिक र मासिक सिकाई सहजीकरण कार्ययोजना प्रधानाध्यापकलाई र प्रधानाध्यापकले मासिक रुपमा सिकाइ सहजीकरण कार्ययोजना र प्रगति विवरण कावासोती नगरपालिका शिक्षा शाखामा बुझाउनुहुन,

४. विद्यार्थीबाट भर्ना लगाएतका अन्य शिर्षकमा लिइने शुल्कका विषयमा पछि सूचना गरिनेछ ।

राजन पाण्डे
शाखा अधिकृत

शाखा अधिकृत

Scanned with CamScanner